अर्घाखाँची जिल्लाका कक्षा ९ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग,
स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ को
पाठ्यांशको प्रयोजनका निमित प्रस्तुत

शोध प्रस्तावना

प्रस्तुतकर्ता

योगेन्द्रनाथ भूसाल
परीक्षा क्रमाङ्क : २८२२३४/२०६६
त्रि.वि. दर्ता नं : ४२७६३- ८८

शिक्षाशास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
कीर्तिपुर, काठमाडौं
२०६९

www.dotnepal.com

विषयसूची

शीर्षक		पृष्ठ
१.	शोधशीर्षक	१
२.	शोध प्रयोजन	१
३.	समस्या कथन	१
४.	अध्ययनको उद्देश्य (शोध कार्यको उद्देश्य)	२
५.	शोध कार्यको औचित्य	३
६.	पूर्व कार्यको समीक्षा	३
७.	अध्ययनको सीमाङ्कन	७
८.	अध्ययन सामग्री	७
९.	अध्ययनको विधि	८
१०.	शोधपत्रको रूपरेखा	१०

सन्दर्भसामग्री

www.dotnepal.com

१. शोध शीर्षक

प्रस्तावित शोधपत्रको शीर्षक कक्षा ९ मा अध्ययनरत **"अर्घाखाँची जिल्लाका मगरभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको एक अध्ययन"** रहने छ ।

२. शोध प्रयोजन

प्रस्तावित शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह नेपाली दोस्रो वर्षको पाठ्यांश ५९८ को उद्देश्य पूरा गर्ने प्रयोजनका निमित्त रहने छ ।

३. समस्था कथन

कुनै पनि भाषा सिकाइका क्रममा त्रुटि हुनुलाई स्वाभाविक प्रक्रिया मानिन्छ । त्रुटिले भाषा सिकाइमा सिकाइको प्रकृति तथा प्रवृत्तिलाई सङ्केत गरेको हुन्छ । त्रुटि बिना भाषा सिक्न त्यति सहज छैन । प्रथम भाषा र दोस्रो भाषा सिकि रहेकाहरुले प्रशस्त मात्रामा त्रुटिहरू गरेका हुन्छन् । कुनै पनि भाषाका रूपमा सिक्ने विद्यार्थीहरूमा स्वभावत : आफ्नै मातृभाषाका विशेषताहरू विद्यमान संरचनागत रहन्छन् । त्यसैले लक्ष्य भाषामा आ-आफ्नै मातृभाषाको संस्कारले गर्दा प्रत्यक्ष प्रभाव पार्दछ ।

बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक नेपालमा बसोवास गर्ने प्रायजसो प्रत्येक जाति र सम्प्रदाय अनुसार भाषा फरक फरक छन् । बहु भाषिक समुदायको सम्पर्क भाषा, शिक्षाको माध्यम भाषा, प्रशासनको भाषा आदि साथै बहु सङ्यक नेपालीको मातृभाषाको रूपमा रहेको नेपाली भाषा नेपालीको राष्ट्रभाषा हो । त्यसैले यसको प्रयोगमा शुद्धता र स्तरीयता हुनु आवश्यक छ । यसरी स्थापित भएको भाषालाई अन्य भाषी विद्यार्थीहरूले ज्ञानको क्षेत्र विस्तृत र व्यापक पार्ने आदि प्रयोजनका लागि दोस्रो भाषाका रूपमा सिक्नु पर्ने हुन्छ । यसो हुँदा उनीहरूले प्रशस्त त्रुटिहरू गर्दछन् । मगरा मातृभाषी विद्यार्थीहरूले नेपाली दोस्रो भाषाका रूपमा सिक्दा

www.dotnepal.com

अन्य विविध क्षेत्र लगायत उच्चारणगत त्रुटि प्रशस्त मात्रामा गर्ने गर्दछन् । यस्तो त्रुटि नेपाली शुद्ध र स्तरीय शिक्षणका सन्दर्भमा प्रमुख समस्याका रूपमा रहेको छ ।

यसरी मातृभाषाको सिकाइमा अभ्यस्त भइ सकेका बाल बालिकाहरूले नियन्त्रित वातावरणमा मात्र नेपाली सिक्ने हुनाले उनीहरूको विकास मातृभाषा सरह हुन सक्दैन । यसले गर्दा दोस्रो भाषाको उच्चारण वा ध्वन्यात्मक प्रक्रियामा विभिन्न कठिनाइहरू देखा पर्दछन् । मातृभाषाको भाषिक पृष्ठभूमि, भाषिक वातावरण, उमेर, शारीरिक, मानसिक पक्ष, उत्प्रेरणा, अभिरूचि आदि विविध कारणले दोस्रो भाषामा उच्चारणगत त्रुटिहरू प्रशस्त मात्रामा हुने गर्दछन् । त्यसै गरी भिन्न भिन्न मातृभाषी विद्यार्थीहरुलाई एउटै कक्षाकोठामा अध्यापन गर्नु पर्ने हुन्छ । यस्तो अवस्थामा कुन बाल बालिकाले के कस्ता उच्चरणगत त्रुटिहरू गर्दछन् ? तिनका निराकरणका निम्ति कुन- कुन विधि र शिक्षण सामग्री प्रयोग गरी शिक्षण गर्ने भन्ने सन्दर्भमा समस्या देखा परेको छ ।

यसरी यी समस्त समस्याग्रस्त कुराहरुलाई मूल आधार बनाई यस अध्ययनलाई निम्न लिखित समस्याहरुमा केन्द्रित गरिएको छ

(क) अर्घाखाँची जिल्लाका कक्षा ९ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको सस्वरपठन गर्दा के कस्ता त्रुटिहरु गर्दछन् ?

(ख) विद्यार्थीहरूमा सस्वरपठन सम्बन्धी के-कस्ता समस्याहरू रहेका छन्?

(ग) सस्वरपठनमा रहेका समस्याका कारणहरू के के हुन्?

(घ) सस्वरपठनमा देखिने समस्या समाधानका लागि के कस्ता सुझाव दिन सकिन्छ?

यस अध्ययनमा मुख्यत : यिनै समस्याहरुलाई केन्द्रविन्दु बनाएर समाधान खोज्ने प्रयत्न गरिने छ ।

४. अध्ययनको उद्देश्य (शोध कार्यको उद्देश्य)

प्रस्तुत शोधपत्रका निम्न उद्देश्यहरू रहने छन्–

www.dotnepal.com

(क) अर्घाखाँची जिल्लाका कक्षा ९ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्नु ।

ख) छात्र र छात्राको सस्वरपठन क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

(ग) सस्वरपठनमा रहेका समस्याहरू पहिचान गरी कारणहरु पत्ता लगाउनु ।

(घ) सस्वरपठनमा रहेका समस्या समाधानका लागि आवश्यक विश्लेषणात्मक सुझावहरू प्रस्तुत गर्नु ।

५. शोधकार्यको औचित्य

नेपाल जस्तो बहुजातीय र बहुभाषिक देश भएकोले मातृभाषा फरक भएका विद्यार्थीहरूलाई राष्ट्रभाषा नेपालमा पनि त्यत्तिकै सक्षम हुन जरुरी छ । मातृभाषाका वक्ताहरूलाई आधुनिक शिक्षण पद्धतिबाट नेपाली भाषामा सस्वरपठन गर्न सक्ने तुल्याउनु आजको आवश्यकता हो । यस शोधकार्यले मगरभाषी विद्यार्थीहरूमा देखिएका समस्याहरू हटाउने कार्यमा केवल अर्घाखाँची जिल्लामा मात्र नभई नेपाल अधिराज्यका मगरभाषी विद्यार्थीहरूलाई समेत सहयोग गर्नेछ । विद्यार्थीहरू सस्वरवाचन गर्दा भकभकाउने, पढ्दा शब्द नै उच्चारण नगर्ने, लय, सुर, आघात, पदवियोग, चिन्हहरू आदि ख्याल नगरी पढ्ने जस्ता समस्याहरूको निराकरण गर्न सहयोग पुग्नेछ । सामाजिक परिवेश वा वातावरणीय प्रभावबाट हुने समस्या वा गल्तीहरू निराकरण गर्न उपयोगी हुनेछ । दोस्रो भाषामा अध्ययन गर्ने बालबालिकाहरूलाई प्रखरवक्ता बनाउने कार्यमा थप टेवा पुग्नेछ । सस्वरपठन गर्दा गर्नु पर्ने हाउभाउ, वलाघात, लय, शुद्धाशुद्धि आदि कार्यमा सुधार गर्ने मौका प्रदान गर्नेछ । यसले मगरभाषी विद्यार्थीहरूलाई नेपाली भाषामा प्रखरवक्ता बनाउन सहयोग गर्नेछ ।

६. पूर्वकार्यको समीक्षा

अनुसन्धान गर्दा नयाँ विषय पत्ता लगाउन विगतको खोज तथा अनुसनधानको समेत सहयोग लिनु पर्ने हुन्छ । भाषा शिक्षणका क्रममा सस्वरपठन क्षमता सम्बन्धी

www.dotnepal.com

अध्ययन त्यति धेरै भएको पाइँदैन । सस्वरपठनका विषयमा पाँछ-छ वटा मात्र अध्ययन भएका छन् । यस सम्बन्धी भएका केही मात्र अध्ययनको परिप्रेक्ष्यमा प्रत्यक्ष र अप्रत्यक्ष अध्ययनहरूलाई प्रमुख आधार मानी निम्न किसिमले तिनीहरूको उल्लेख गरिएको छ ।

हेमाङ्गराज अधिकारीद्वारा लिखित **नेपाली भाषा शिक्षण** (२०५०) तृतीय संस्करणमा भाषाका चार सीपको बारेमा उल्लेख, पाठ्यसामग्री छनौट, आदि बारेमा सूक्ष्म विश्लेषण गरेका छन् । जसमा सस्वरपठनको स्तर विभाजन गरेर यसको सूक्ष्म स्वरूपलाई आँकलन गरिएको छ । यसमा सस्वर पठनको परिचय, महत्व र आवश्यकताको बारेमा विस्तृत चर्चा गरिएको छ । सस्वरपठनका लागि आवश्यक पर्ने सीप र दक्षताका लागि गति, यति, आघात, लय र सस्वर पठनको स्पष्ट विश्लेषण गरिएको छ ।

भूमिप्रसाद सुवेदी (२०६०) ले **"पाँच कक्षामा अध्ययनरत विद्यार्थीको सस्वरवाचन क्षमताको अध्ययन"** गर्नु भएको छ । यस अध्ययनका लागि काठमाडौं उपत्यका भित्रका दशवटा विद्यालयहरू छनोट गरिएको थियो । जसमा पाँच निजी विद्यालय र पाँच सरकारी विद्यालयहरू थिए । यस अध्ययनमा एक विद्यालयबाट १० जनाको दरले जम्मा १०० जनालाई नमूनाको रूपमा छनौट गरिएको थियो । सस्वरवाचनको क्रममा विराम, आरोह, अवरोह नमिलाएको साथै हाउभाउ र अङ्ग संचालन समेत गर्न नसकेको तथ्य स्पष्ट थियो । अधिकांश विद्यार्थीहरू मध्यम र निम्न श्रेणीमा रहेका थिए ।

कृष्ण बहादुर खड्काद्वारा **'सुर्खेत जिल्लाका कक्षा ५ मा अध्ययनरत थारुभाषी विद्यार्थीरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरुको अध्ययन (२०५९)'** शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको छ । सुर्खेत जिल्लाका थारूभाषी विद्यार्थीहरूले शब्दोच्चारणमा गर्ने त्रुटि पत्ता लगाउनु, त्रुटिहरूको प्रकृतिगत अध्ययन विश्लेषण गर्नु र निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गर्नु यस अध्ययनका उद्देश्यहरू रहेका छन् । सुर्खेत जिल्लाका दुई वटा विद्यालयका कक्षा ५ मा अध्ययनरत थारू भाषी

www.dotnepal.com

विद्यार्थीहरू छनोट गरी गरिएको यो अध्ययन वर्ण उच्चारण र शब्दोच्चारणमा हुने उच्चारणगत त्रुटिहरूको अध्ययनमा केन्द्रित रहेको छ ।

कल्पना ढकाल (२०६३) ले गरेको अध्ययनमा **"कक्षा ६ का विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन"** गरिएको थियो । उहाँले विद्यार्थीहरूलाई सस्वर पठन गर्न लगाएर उनीहरूको क्षमता अनुसार अत्युत्तम, उत्तम र मध्यम अनि निम्न स्वरमा विभाजन गरेर तथ्यांक विश्लेषण र संकलन गर्नु भएको थियो । शोधकार्यमा उल्लेख भए अनुसार समग्र अध्ययनलाई हेर्दा गति, यत, आघात, पदयोग, पदवियोग, चिन्ह आदिमा निकै गल्ती रहेको थियो । अधिकांश विद्यार्थीहरू मध्यम र निम्न स्तरमा नै देखिए ।

सीता सेडाई (२०६४) ले **"कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको सस्वर पठन क्षमताको अध्ययन"** शीर्षकमा शोधकार्य गर्नु भएको थियो । जसमा काठमाडौं उपत्यकाका ३ वटा निजी र ३ वटा सरकारी गरी जम्मा ६ वटा विद्यालयबाट जम्मा ६० जना विद्यार्थीहरू सहभागी गराइएको थियो । विद्यार्थीहरूबाट प्राप्त नतिजाको आधारमा व्याख्या विश्लेषण गरिएको थियो । विद्यार्थीहरूलाई स्वयं सस्वरपठन गर्न लगाई उनीहरूको क्षमताअनुसार अत्युत्तम, उत्तम, मध्यम र निम्न स्तरमा विभाजन गरी तथ्यांक संकलन र विश्लेषण गरिएको थियो । समग्र अध्ययनलाई हेर्दा गति, यति, आघात, चिन्ह प्रयोग, पदयोग, पदवियोग आदिमा केही गल्ती पाइन्छ । अधिकांश विद्यार्थीहरू मध्यम र निम्न स्तरमा नै देखाइएको थियो ।

माधवप्रसाद आचार्य र रामप्रसाद गौतमद्वारा लिखित **नेपाली भाषा र साहित्य शिक्षा** (२०६६) लाई पनि लिन सकिन्छ । यसमा सुनाइ, बोलाई, उच्चारण, मौन पठन र सस्वरपठनलाई सहयोग पुऱ्याइ रहेको छ । यसमा आषाका प्रत्येक सीपहरू एक आपसमा अन्तर सम्बन्धित भएकाले सस्वरपठन पनि पठनकलाको एक महत्वपूर्ण शाखाका रूपमा रहेको छ ।

विनोद विक्रम के.सी. (२०६७) द्वारा **"कक्षा ७ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन"** भएको थियो । उहाँले पनि

www.dothepal.com

विद्यार्थीहरूलाई सस्वरपठन गर्न लगाएर उनीहरूको क्षमता अनुसार अत्यूत्तम, उत्तम, मध्यम र निम्न स्तरमा विभाजन गरेर तथ्यांक संकलन र विश्लेषण गर्नु भएको थियो । शोध कार्यमा उल्लेख भए अनुसार गति, यति, आघात, लय, पदयोग, पदवियोग, चिन्ह आदिमा गल्ती देखिएको र हाउभाउ र अङ्गपरिचालन समेत नभएको तथा न्यून रहेको पाइयो । अधिकांश विद्यार्थीहरू मध्यम र निम्न स्तरमा नै थिए ।

शेखर बहादुर बानियाँद्वारा **'काक्षा ५ मा अध्ययनरत लिम्बू मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चरणमा गर्ने त्रुटिहरूको विश्लेषण** (२०६०) शीर्षकमा शोधअध्ययन प्रस्तुत गरेका छन् । उक्त शोधअध्ययनको मुख्य उद्देश्य कक्षा ५ मा अध्ययनरत लिम्बूभाषी विद्यार्थीहरूले उच्चारण गर्ने त्रुटि हुनाका कारण पत्ता लगाउनु, त्रुटिहरूको वर्गीकरण गर्नु, वर्णन गर्नु, विश्लेषण गर्नु र निष्कर्ष निकाली निराकरणका लागि सुझावहरू प्रस्तुत गर्नु रहेको छ । प्रस्तुत अध्ययन पाँचथर जिल्लाका १० ओटा विद्यालयबाट ८/८ जना गरी ८० जना लिम्बूभाषी विद्यार्थीहरूलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ । विभिन्न शब्द र वर्णहरूलाई पालैपालो उच्चरण गर्न लगाएर टेप रेकर्ड गरी सामग्री सङ्कलन गरिएको छ । रेकर्ड गरिएको उच्चारित सामग्रीलाई विश्लेषण गरी त्रुटिहरूको बारम्वारता गणना गरी प्रतिशतमा देखाइएको छ ।

भरत राज जोशीद्वारा **'कैलाली जिल्लका कक्षा ४ मा अध्ययनरत थारूभाषी विद्र्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिको अध्ययन** (२०६६)' शीर्षकको शोधपत्र तयार पारिएको छ । कैलाली जिल्लामा सीमित गरिएको यस शोधकार्यमा कक्षा ४ मा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले नेपाली भाषाको वर्णको तहमा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययनमा सीमित गराइएको छ । विभिन्न ५ ओटा विद्यालयहरूका विद्यार्थीहरूलाई नमुना छनोट गरी गरिएको उक्त अध्ययनमा हलन्त र अजन्त सम्बन्धी पदयोग र पद वियोग सम्बन्धी घोषत्व सम्बन्धी, प्राणत्व सम्बन्धी अध्ययन गरिएको छ । थारूभाषी विद्यार्थीहरूले त्रुटि गर्ने धेरै क्षेत्रका अध्ययन यस शोधकार्यमा गरिए तापनि स्पष्ट रूपमा त्रुटिको पहिचान, वर्गीकरण र निराकरण उल्लेख गरेको देखिएन ।

www.dotnepal.com

उपर्युक्त पूर्वकार्यहरुतर्फ दृष्टि दिँदा विभिन्न लेखक तथा शोधार्थीहरुद्वारा विभिन्न भाषा सिकाइका क्रममा अथवा नेपाली भाषालाई दोस्रो भाषाका रूपमा प्रयोग गर्ने विद्यार्थीहरूले नेपाली भाषा प्रयोगका क्रममा विभिन्न पक्षमा गर्ने त्रुटिहरु सम्बन्धी केही अध्ययन भएता पनि अर्घाखाँची जिल्लाका कक्षा नौंमा अध्ययनरत मगरभाषी विद्यार्थीले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरु सम्बन्धी अध्ययन भएको देखिँदैन तसर्थ माथि उल्लेखित पूर्वकार्यहरुलाई सहयोगी मान्दै प्रस्तुत शोधप्रस्तावना तयार गरिएको छ ।

७. अध्ययनको सीमाङ्कन

अर्घाखाँची जिल्लाका कक्षा ९ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमताको अध्ययन गर्दा निम्न सीमाभित्र रहेर गरिने छ ।

(क) अध्ययनका लागि अर्घाखाँची जिल्लाका ग्रामिण क्षेत्रका जम्मा ५ विद्यालयलाई लिइने छ ।

(ख) छनोट गरिएका प्रत्येक विद्यालयबाट ६ जना छात्र ६ जना छात्रा गरी १२ जनाका दरले जम्मा पाँच विद्यालयबाट ६० जना विद्यार्थीहरू समावेश गराइने छ ।

(घ) अध्ययनका लागि मगरभाषी विद्यार्थीहरु मात्र छनौट गरिने छ ।

घ) आवश्यकता परेमा स्थानिय शिक्षकहरूको सहयोग लिइने छ ।

८. अध्ययन सामग्री

प्रस्तुत शोधपत्र कक्षा ९ मा अध्ययनरत मगरभाषी विद्यार्थीहरूको सस्वरपठन क्षमता अध्ययनका लागि कक्षा ९ को नेपाली पुस्तकबाट दुई वटा अनुच्छेद र दुईवटा कविता छनौट गरिने छ । अनुच्छेद तथा कविता चयन गर्दा उच्चारणका क्रममा प्रयोग हुने गति, यति, आघात, चिन्ह प्रयोग, पदयोग, पदवियोग आदिलाई ख्याल गरेर चयन

www.dothepal.com

गरिने छ । छनौटमा परेका छात्राहरुलाई सस्वरपठन गर्न लगाई उनीहरुले उच्चारणका क्रममा गर्ने त्रुटिहरुलाई टिपोट गरीनेछ ।

९. अध्ययन विधि

यस अध्ययनलाई अगाडि बढाउन निम्न विधिहरूको प्रयोग गरिने छ ।

क) तथ्याङ्क सङ्कलन

अनुसन्धानको उद्देश्य पूरा गर्नका लागि प्राथमिक र गौण स्रोतद्वारा सामग्री संकलन गरिने छ ।

प्राथमिक स्रोत

प्राथमिक स्रोतका रूपमा स्वयं विद्यार्थीहरू नै रहने छन् । प्राथमिक स्रोतबाट सामग्री संकलन गर्नका लागि कक्षा ९ को नेपाली पाठ्यपुस्तकबाट अनुच्छेद छनौन गरिने छ ।

गौण स्रोत

गौण स्रोतका रूपमा पाठ्यपुस्तकहरू, शोधपत्र, सम्बन्धित विषयका विशेषज्ञहरू र विषय शिक्षकहरूलाई लिइने छ ।

ख) जनसंख्या

प्रस्तुत शोध अध्ययन विधिमा अर्घाखाँची जिल्लाका कक्षा ९ मा अध्ययनरत ६० जना मगरभाषी विद्यार्थीहरू लिइने छ । प्रत्येक विद्यालयबाट ६ जना छात्र तथा ६ जना छात्रा गरी जम्मा १२ जनाका दरले ५ विद्यालयबाट ६० जना विद्यार्थीलाई समावेश गरिने छ । अर्घाखाँची जिल्लाको ग्रामीण क्षेत्रमा अवस्थित यी विद्यालयहरूमा मगरभाषी विद्यार्थीहरूको बाहुल्यता रहेकोले समस्याहरू पहिचान गर्न र विश्लेषण गर्न सजिलो पर्नेछ । अनुसनधानको क्रममा विद्यालयहरूमा कार्यरत शिक्षकहरूको समेत सहयोग लिइने छ ।

www.dotnepal.com

प्रस्तुत शोधका लागि अर्घाखाँची जिल्लाका सिद्धार्थ उ.मा.वि. हंसपुर, सूर्य उ.मा.वि. गोखुङ्गा, अर्घा मेहेलपानी मा.वि. हंसपुर, वैद्यनाथ मा.वि. हंसपुर र आदर्श उ.मा.वि. खनदह रहने छन् । विद्यार्थीहरूको क्षमता मापनको लागि २-२ अनुच्छेद कक्षा ९ को कथा र कविता विधाबाट लिइने छ । अंगपरिचालन, हाउभाउ, गति, यति, लय, चिन्ह प्रयोग देखि लिएर समग्र सस्वरवाचन सम्बन्धी नियमहरू समेत ख्याल गरि रेकर्ड राखिने छ । प्रत्येक विद्यार्थीहरूमा रहेका गल्ती तथा कमी कमजोरीहरूलाई सस्वरवाचनका आधारमा अतिउत्तम, उत्तम, मध्यम र न्यून स्तरमा विभाजन गरि तथ्यांक संकलन एवं विश्लेषण गरिने छ । उक्त तथ्यांक संकलन पछि तथ्यहरू केलाई निरीक्षणको उपाय पत्ता लगाई अनुसनधानलाई अगाडि बढाइने छ । तथ्यांकलाई अझ विश्वसनीय बनाउन सम्बन्धित विद्यालयका शिक्षकहरूसँग छलफल र सल्लाह गरी रेकर्ड कायम गरिनेछ ।

ग) तथ्याङ्कको व्याख्या विश्लेषण

अध्ययनको क्रममा माथि उल्लेखित आधारबाट सामाग्री सङ्कलन र तयारी गरेपछि रेकर्डमा भरिएका सामाग्रीहरुलाई सुनेर उच्चारणगत त्रुटिहरूको आधारमा व्याख्या विश्लेषण गरिनेछ । उच्चारणगत आधारमा के कस्ता त्रुटिहरू भएका छन्, त्यस्ता त्रुटिहरूको मात्रा के कति छ, कति विद्यार्थीहरूले त्रुटि गरेका छन् तिनीहरूको तालिकीकरण र गणना गरी प्रतिशतमा देखाइने छ । मगरभाषी विद्यार्थीहरूले गर्ने त्रुटिहरू कस्ता प्रकृतिका छन् तिनीहरूको कारणहरू के-के रहेछन् भन्ने कुराको उल्लेख गर्दै छुट्टाछुट्टै विश्लेषण गरिनेछ । अन्त्यमा त्रुटि हुनाका कारणहरू समेत पत्ता लगाई उक्त त्रुटि निराकरणका लागि के गर्न सकिन्छ ? सुझाब समेत प्रस्तुत गरिएको छ ।

www.dotnepal.com

१०. शोधपत्रको रूपरेखा

अध्याय एक : शोध परिचय

अध्याय दुई : सस्वरपठनको सैद्धान्तिक अवधारणा

अध्याय तीन : व्याख्या तथा विश्लेषण

अध्याय चार : सस्वरपठनमा देखिएका समस्याहरू

अध्याय पाँच : उपसंहार

सन्दर्भसूची

परिशिष्ट

www.dotnepal.com

सन्दर्भसूची

आचार्य, माधव प्रसाद र राम प्रसाद गौतम (२०६६) **'प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम'** काठमाण्डौं, दीक्षान्त प्रकाशन ।

खड्का कृष्ण बहादुर (२०५९) **सुर्खेत जिल्लाका कक्षा ५ मा अध्ययनरत थारूभाषी विद्यार्थीरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरुको अध्ययन,** स्नातकोत्तर शोधपत्र ।

बानियाँ, शेर वहादुर (२०६०) **कक्षा पाँचका लिम्बु मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चरणमा गर्ने त्रुटिहरूको विश्लेषण,** स्नातकोत्तर शोधपत्र ।

जोशी भरतराज (२०६६) **कैलाली जिल्लका कक्षा चार मा अध्ययनरत थारूभाषी विद्र्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिको अध्ययन,** स्नातकोत्तर शोधपत्र, त्रि.वि ।

www.dotnepal.com